# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### नेपालको भुक्तानी प्रणालीलाई आधुनिकरण गर्नु पर्ने आवश्यकता : गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालले नेपाल राष्ट्र बैंक, भुक्तानी तथा फछ्र्यौट विभाग र UKaid Sakchyam को संयुक्त आयोजनामा फागुन ६ गते सिद्धार्थनगरमा आयोजित भुक्तानी तथा फछ्र्यौट सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नु भयो ।




उक्त अन्तरक्रिया कार्यक्रममा गभर्नर डा. नेपालले सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने उद्देश्य नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा रहेकोले जनतालाई सोही स्तरको भुक्तानी सेवा उपलब्ध गराई सो उद्देश्यलाई पूरा गर्नका लागि नेपाल राष्ट्र बैंकले भुक्तानी तथा फछ्र्यौट विभागको स्थापना गरेको चर्चा गर्नुभयो । विश्वका विकसित मुलुकहरुले नविनतम् प्रविधिको प्रयोग गरी भुक्तानी तथा फछ्र्यौट कार्यलाई सहजीकरण गर्दै लगेकोले नेपालले पनि त्यस्ता प्रविधिको प्रयोग गरेर नेपालको भुक्तानी प्रणालीलाई आधुनिकीकरण गर्नुपर्ने आवश्यकतामाथि चर्चा गर्नु भयो ।

चेक, कार्ड, एसएमएस बैंकिङ, इन्टरनेट बैंकिङ तथा भुक्तानीका उपकरणहरुको विस्तार नेपाली बैंकिङ क्षेत्रमा उल्लेखनीय रुपमा वृद्धि हुँदै गएको उल्लेख गर्नुहुँदै गभर्नर डा. नेपालले त्यस्ता अत्याधुनिक सेवाहरुको विस्तारको साथै त्यस्ता उपकरणहरुबाट हुने कारोबारको समयमा नै Settlement गर्न RTGS (Real Time Gross Settlement System) को स्थापना गरिने जानकारी समेत दिनु भयो ।

अन्तरक्रिया कार्यक्रममा भुक्तानी तथा फछ्र्यौट सम्बन्धी कार्य गर्ने बैंक तथा वित्तीय संस्था, रेमिटेन्स कम्पनी, बीमा कम्पनी, नेपाल टेलिकम तथा इ-सेवा सम्बन्धी कार्य गर्ने संघ-संस्थाका प्रतिनिधिहरु तथा कार्यकारी निर्देशक श्री महेश भट्टराईको समेत उपस्थिति रहेको थियो ।

२०७२ फागुन ६, बिहीबार

गभर्नरको कार्यालय